# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, कात्तिक २८ गते २०४० साल (संख्या ३०

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना

हात्तीसार समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा)
नियमावली, २०४०

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "हात्तीसार समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०४०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "हात्तीसार समूह" भन्नाले नेपाल वनसेवा अन्तर्गत हात्ती सम्बन्धी काम गर्ने हात्तीसारका प्राविधिक कर्मचारीहरूको समूह सम्झनुपर्दछ ।

३. हात्तीसार समूहमा रहने श्रेणी र पदः (१) हात्तीसार समूहमा राजपत्राङ्कित तृतीय श्रेणीसम्मका पद रहनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) हात्तीसार समूहमा राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा तह १ र तह २ गरी जम्मा दुई तह रहनेछन् ।

(३) हात्तीसार समूहमा रहने पदहरू अनुसूचीमा तोकिए बमोजिम हुनेछन् ।

(४) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

४. रिक्त पदको पूर्तिः हात्तीसार समूहको रिक्त पदको पूर्ति देहाय बमोजिम हुनेछः-

(क) माहुत पदको पूर्ति नयाँ नियुक्तिद्वारा ।

(ख) माहुत पद बाहेक अन्य पदहरूको पूर्ति बढुवाद्वारा ।

५. नयाँ नियुक्तिः निजामती सेवा नियमावली, २०२१ बमोजिमको कुनै अयोग्यता नभई देहाय बमोजिमको योग्यता भएको व्यक्ति हात्तीसार समूहको माहुत पदमा नयाँ नियुक्तिको लागि योग्य मानिनेछः–

(क) साधारण लेखपढ गर्न जानेको,

(ख) हात्तीको स्याहार सम्भार गर्ने काममा अनुभव भएको ।

६. समूहभित्र बढुवा हुनेः (१) हात्तीसार समूहका कर्मचारीहरूको बढुवा सोही समूहभित्र मात्र हुनेछ ।

तर, हात्तीसार समूहका राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पदमा बढुवा गर्दा सम्बन्धित जिल्लाभित्रका सम्भाव्य उम्मेदवारहरूमध्येबाट मात्र गरिनेछ ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि हात्तीसार समूहको राजपत्र अनङ्कित चतुर्थ श्रेणीको तह १ र तह २ को पदमा बढुवा गर्दा तह २ को पदमा माहुत पदमा बहाल रहेका कर्मचारीहरूमध्येबाट र तह १ को पदमा तह २ को पदमा बहाल रहेका कर्मचारीहरूमध्येबाट हुनेछ ।

७. बढुवाको निमित्त योग्यताः (१) हात्तीसार समूहका राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा बढुवा हुन र एक तहमुनिको श्रेणीको पदमा तीन वर्ष सेवाअवधि पुगेको र अन्य राजपत्र अनङ्कित पदमा बढुवा हुन एक तहमुनिको श्रेणीको पदमा दुई वर्ष सेवाअवधि पुगेको कर्मचारी सम्भाव्य उम्मेदवार बन्न सक्नेछ ।

(२) हात्तीसार समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा हुन एक तहमुनिको श्रेणीको पदमा पाँच वर्षको सेवाअवधि पुगेको कर्मचारी सम्भाव्य उम्मेदवार बन्न सक्नेछ ।

(३) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हात्तीसार समूहका राजपत्र अनङ्कित चतुर्थ श्रेणीको तह १ को पदमा बढुवा गर्दा तह २ को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदमा एक वर्ष सेवाअवधि पुगेका कर्मचारीहरूमध्येबाट र तह २ को पदमा बढुवा गर्दा माहुत पदमा २ वर्ष सेवाअवधि पुगेका कर्मचारीहरूमध्येबाट गरिनेछ।

८. बढुवा समितिः (१) हात्तीसार समूहका राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पदमा बढुवा गर्न देहायको बढुवा समिति हुनेछ :–

(क) लोक सेवा आयोगले तोकेको कर्मचारी – अध्यक्ष
(ख) सम्बन्धित हात्तीसार कार्यालयको प्रमुख – सदस्य
(ग) राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका महा-निर्देशकले तोकेको कर्मचारी – सदस्य

(२) हात्तीसार समूहका राजपत्र अनङ्कित प्रथम श्रेणी द्वितीय र तृतीय श्रेणीको पदमा बढुवा गर्दा देहायको बढुवा समिति रहनेछ :–

(क) लोक सेवा आयोगले तोकेको कर्मचारी – अध्यक्ष
(ख) वन तथा भू-संरक्षण मन्त्रालयले तोकेको कर्मचारी – सदस्य
(ग) राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका महा-निर्देशकले तोकेको कर्मचारी – सदस्य

(३) हात्तीसार समूहको राजपत्राङ्कित तृतीय श्रेणीमा बढुवा गर्दा लोक सेवा आयोगले निर्धारण गरेको तरीका अपनाई बढुवा गरिनेछ ।

९. विभागीय प्रमुखः राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको महा-निर्देशक हात्तीसार समूहको विभागीय प्रमुख हुनेछ ।

१०. पदस्थापनाः हात्तीसार समूहको पदस्थापना राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका महा-निर्देशकले गर्नेछ ।

११. बचाउः यस नियमावलीमा लेखिए जतिमा यसै नियमावली बमोजिम र अरूमा निजामती सेवा नियमावली, २०२१ बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(नियम ३ सँग सम्बन्धित)

| राजपत्राङ्कित तृतीय श्रेणी | राजपत्र अनङ्कित प्रथम श्रेणी | राजपत्र अनङ्कित द्वितीय श्रेणी | राजपत्र अनङ्कित तृतीय श्रेणी | राजपत्र अनङ्कित चतुर्थ श्रेणी | | श्रेणी विहीन |
|---|---|---|---|---|---|---|
| | | | | तह १ | तह २ | |
| १. ग्याजेटेड सुब्बा | १. नायव सुब्बा | १. दरोगा | १. राहुत | १. फणित | १. पछुवा | १. माहुत |

आज्ञाले,

एमरल्ड ज. ब. राणा

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६२